गेरूवा गाउँपालिकाको

१० औं गाउँसभा बैठकमा

अध्यक्ष श्री जमान सिंह केसी ज्यू द्वारा प्रस्तुत

# नीति तथा कार्यक्रम, २०७८/७९

गेरूवा गाउँपालिका

**गेरूवा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पशुपतिनगर, बर्दिया**

*वि.स. २०७८/०३/१०, विहीवार*

१. **समृद्ध गेरूवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार** भन्ने लक्ष्यका साथ संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीयताको अंशको रूपमा स्थापना भएको यस गेरूवा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामाय गाउँसभा समक्ष सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु ।

२. यस चुनौतीपूर्ण घडीमा गरिमामय गाउँ सभालाइ सम्बोधन गरीरहदाँ म संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागि भएका आन्दोलन र संघर्षहरूमा बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू, वीर-वीराङ्गना तथा सेनानीहरू प्रति उच्चसम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता , लोकतन्त्र र समाजवाद प्राप्तिका लागि न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरू प्रति उच्च सम्मान गर्दै नेपाली समाजको रूपान्तरणमा सहयोग पुर्याउनु हुने सबैको योगदानको स्मरण गर्न चाहन्छु । साथै, यस अवसरमा द्वन्द्वपिडित र वेपत्ता नागरिकहरूलाई सम्मानका साथ सम्झन चाहन्छु ।

३. विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ का कारण महासंकटको अवस्था सिर्जना हुनुका साथै उल्लेख्य रूपमा जनधनको क्षति भएको छ । यसै क्रममा कोभिड—१९ का कारण मृत्युवरण गर्नुभएका यस गेरूवा गाउँपालिकाका नागरिकहरू प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै शोक सम्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने क्षमता इश्वरले प्रदान गरून भन्ने कामना गर्दछु ।साथै, महामारीबाट संक्रमित सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोभिड-१९ बाट निधन हुनु भएका गेरूवावासीहरूका परिवारलाई काज क्रिया खर्च उपलब्ध गराइनेछ ।

४. गेरूवा गाउँपालिकामा बन्यजन्तु बाट आक्रमणमा परी दिवगंत हुनु भएकाहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।जनता र गाउँपालिका मिलेर नै हरेक प्रकारका चुनौती र संकट बाट पारपाउन सकिन्छ। आगामी आर्थिक बर्षमा बन संगको ३६ किमि क्षेत्रमा मेस वायरको निर्माण गरि मानव तथा जंगली जनावरको द्वन्द्वको न्यूनीकरणको लागि नेपाल सरकार, प्रदेश सरकार सँग समन्वय गरी रोकथामको लागि पहल गरिनेछ ।

५. कोभिड-१९ बाट उत्पन्न महामारी रोकथाम र नियन्त्रणको लागि अपनाइएको बन्दाबन्दी, सामाजिक दुरी लगायतका कार्यको कार्यान्वयनमा अनुशासित र सक्रियतापूर्वक सहयोग गर्नु हुने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसको रोकथाम र नियन्त्रणमा अग्रमोर्चामा खटिरहनु भएका गेरूवा गाउँपालिकाका जनप्रतिनिधि, स्वास्थकर्मी तथा स्वयमसेविका, कर्मचारी, सुरक्षाकर्मी, बरघर-चौकीदार तथा व्यवस्थापन कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसका साथै, यस महामारीको रोकथाम, नियन्त्रण र उपचारमा

प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न राजनीतिक दल, नागरिक समाज र समुदाय, निजीक्षेत्र, सहकारी, सामुदायिक संघसंस्था, संचारक्षेत्र लगायत सम्पूर्ण गेरूवावासी प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

६. हामीले जित्नै पर्ने यो रोग विरूद्धको लडाइमा सबैको थप ऐक्यवद्धता, सहकार्य, धैर्यता र आत्मविश्वासको आवश्यकता रहेको छ । **जीवन रहे जीवन बनाउन** सकिन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै यस महामारीका विरूद्धको अभियानमा धैर्यतापूर्वक जुट्न सबैलाई आह्वान गर्दछु ।

७. गेरूवा गाउँपालिकाको काम कारवाहीमा सुशासन कायम गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ लागु गरिनेछ। गाउँपालिका प्रति नागरिकका गुनासा र उजुरी संकलन गरी तिनको यथाशीघ्र सम्बोधन तथा व्यवस्थापन गर्न र कामकारवाही तथा गतिविधीबारे नागरिकलाई सुसूचित गर्न सूचना प्रवाह तथा गुनासो व्यवस्थापन लाइ थप व्यवस्थित गरिनेछ। भ्रष्टचार र अनियमिततालाई कडाइका साथ निगरानी र दण्डित गरि **भ्रष्टाचार विरूद्ध शून्य सहनशिलताको नीति** अबलम्बन गरिनेछ। सुशासन र समृद्धिका प्रयासलाई एकीकृत, चुस्त र जवाफदेहीपूर्ण वनाउन संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय, सहकार्य र साझेदारीलाई संस्थागत र थप सुदृढ बनाइनेछ।

८. एक्काइसौं सताब्दीमा समेत भोग्नु परिरहेको जातीय छुवाछुतको कुप्रथा लाइ गेरूवा गाउँपालिकाले अत्यन्त गम्भीर रूपमा लिंदै गेरूवा लाइ **पूर्ण रूपमा छुवाछुत मुक्त पालिका** को रूपमा विकास गरी सभ्य गेरूवा गाउँपालिकाको निर्माण गरिनेछ ।गेरूवा गाउँपालिका बाट प्रवाह हुने सेवामा कसैले जात, धर्म, लिंग, वर्णका आधारमा विभेद गरेको पाइएमा गेरूवा गाउँपालिकाले कडा रूपमा कारवाही गर्दै छुवाछुत विरूद्ध शुन्य सहनशीलताको नीति लिइनेछ ।

९. कोभिड-१९ ले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण कार्य र नियमित रूपमा संचालन गर्नुपर्ने कार्यक्रम र आयोजनाहरूमा प्रत्यक्ष रूपमा नकारात्मक असर पुगेको छ । यसबाट सेवामूलक, उत्पादनमूलक, औधोगिक र व्यापारिक क्षेत्रहरू कोभिड-१९ को कारणले अवरूद्ध भएका छन् । उत्पादन, आपुर्ती र वितरण प्रणालीमा गम्भीर धक्का पुगेको छ । कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी र उत्पन्न त्रास समेतका कारण आम मानिस आफ्ना दैनिक कामहरू अघि बढाउन नसकेको अवस्थामा छन् । यसबाट आगामी दिनमा थप चुनौनी उत्पन्न हुने र त्यसको सामनाका लागि अहिले देखिनै तयार हुनुपर्ने भएको छ ।

१०. यस महामारी रोकथाम, नियन्त्रण र उपचारका लागि गेरूवा गाउँपालिकाले गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषलाइ कोभिड-१९ नियन्त्रण तथा उपचार कोषको रूपमा प्रयोग गरी पूर्ण सामर्थ्यका साथ कार्यसम्पादन गर्दै आइरहेको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहन्छु । उक्त कोषमा योगदान पुर्याउनुहुने सबै मनकारी र जनसेवाको भावना भएका व्यक्तिहरू, संघसंस्थाहरू लाई हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा राखेको छु ।

११. गेरूवा गाउँपालिका स्थापना पश्चातको करिव चार बर्ष को अवधिमा चार वटा नीति तथा कार्यक्रमहरूको माध्यमबाट संविधानप्रदत्त अधिकार बमोजिमका कार्य जिम्मेवारीहरू व्यवस्थित र नतिजाउन्मुख रूपमा सम्पादन गरी गेरूवा गाउँपालिका खोजिने, देखिने र भेटिने संयन्त्रको रूपमा स्थापित हुन सफल भएको छ । **समृद्ध गेरूवा गाउँपालिका निर्माणको आधार कृषि, पर्यटन र पूर्वाधार** को दिर्घकालिन सोच प्राप्त गर्न आर्थिक, सामाजिक र साँस्कृतिक विकासका उद्देश्य सहित नीति र कार्यक्रम व्यवस्थित रूपमा अघि बढाइएका बेला हामी महामारीको कारणले उत्पन्न परिस्थितिको सामना गर्न बाध्य भएका छौं ।

१२. जस्तो सुकै संकटका बीचमा मानव जीवनको रक्षा गर्दै आर्थिक र सामाजिक जीवनलाई सहज बनाउने काममा गेरूवा गाउँपालिका जुटिरहेको छ । गाउँपालिकाले मुलुककै समुन्नत र समृद्व नमूना स्थानीय तह बनाउन उद्देश्यका साथ कार्यसम्पादन गरिरहेको छ। गेरूवा गाउँपालिकाको प्रथम गाउँसभाको लक्ष्य बमोजिम गेरूवाको विकास व्यवस्थापनलाई अगाडि बढाउन गाउँपालिकाको नीति तथा कार्यक्रम दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य प्राप्तिमा केन्द्रित छन् ।

१३. यस गेरूवा गाउँपालिका संचालनको अवधिमा महत्वपूर्ण संरचनागत आधारशिलाहरू निर्माण भएका छन् । गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालय भवनहरू, कालोपत्रे सडकहरू, पुल-पुलेसा, अस्पताल, शैक्षिक संस्थाहरू, स्वास्थ्य चौकी, पुल पुलेसा, खेलग्राम लगायत पूर्वाधार सम्बन्धी विशेष, आधुनिक र उच्च प्रतिफलयुक्त आयोजनाहरू छिटो छरितो रूपमा कार्यान्वयन भइरहेको छ ।

१४. साथै, गाउँपालिकामा विधुतीय सुशासन प्रवर्द्धन गर्न सेवाग्राहीमैत्री सूचना प्रविधिको विकास गरी **डिजिटल गाउँपालिका** रूपमा रूपान्तरण गर्न सूचना तथा प्रविधि क्षेत्रमा विकास एंव विस्तार भइरहेको छ । यस कार्यबाट सेवाप्राप्तिमा सहजता हुनुका साथै गाउँपालिका बाट विधुतीय शासनको अवधारणा अनुरूप प्रवाह हुने सेवा, सूचना तथा जानकारीहरूलाई सहजै र यथोचित समयमै आमजनतासम्म पुर्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

१५. यस अवधिमा संघीयताको आधारको रूपमा गाउँपालिकाको संगठन संरचना निर्माण र सुदृढ गर्ने काम भएका छन । आगामी दिनमा यसलाइ अझै तिव्रता दिइनेछ ।संविधानको एकल सूचीमा रहेर पनि अभ्यासमा आउन नसकेका र साझा अधिकारको सूची अन्तरगतका केन्द्रिय तथा प्रादेशिक कानुन नबनेका कारणले कार्यान्वयनमा नआएका सबै विषयहरूलाइ कार्यान्वयनमा लगिनेछ । कोभिड-१९ को माहामारीले स्थानीय तह सबल र सुदृढ हुनुपर्ने शिक्षा दिएको सन्दर्भलाइ ध्यानमा राखेर संघीयता कार्यान्वयनका बाँकी सबै काम आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

१६. गेरूवा गाउँपालिकाको स्थापना पश्चात हालसम्म संचालन तथा सम्पादन गरिएका कार्यहरूबाट गाउँपालिकामा कानूनी आधार निर्माण, प्रशासनिक व्यवस्था र योजना प्रणाली लगायतका क्षेत्रहरूमा कार्यपद्धति निर्माण भैसकेकाले आगामी आर्थिक वर्षमा जनअपेक्षा अनुरूप सेवा प्रवाह र विकास

निर्माणका कार्यहरूलाई तिव्रता दिंदै **सम्बृद्ध गेरूवा** को सोच र लक्ष्य हासिल गर्न सहयोग पुग्ने छ ।

१७. विगतको वर्षको तुलनामा चालु आर्थिक वर्षमा खर्च व्यवस्थापनमा उल्लेख्य सुधार भएको छ । यस महामारीबाट सिर्जना हुने असर र प्रभाव समेतलाई आंकलन र विश्लेषण गर्दै आगामी वर्षमा महामारी बाट पुगेको क्षतिको पुनर्भरण हुने गरी सामाजिक क्षेत्रको विकास र आर्थिक पुनरूत्थान गेरूवा गाउँपालिकाका प्राथमिकताका क्षेत्रहरू हुनेछन् ।

१८. कोरोनाको कहरबाट गेरूवा गाउँपालिकालाई मुक्त बनाई यहाँका नागरिकहरूको जीउधनको सूरक्षाको प्रत्याभुति गर्दै महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिव, विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य शिक्षा, सीप विकास तालिम र रोजगार एंव आयआर्जन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ । कोरोना बिरूद्धको लडाई गेरूवा गाउँपालिका एक ढिक्का भई एकद्वार प्रणाली मार्फत व्यवस्थापन तथा पुनर्स्थापना गरिनेछ ।

**आदरणीय उपाध्यक्ष**

**सभाका सदस्य ज्यूहरू**

***अब म आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।***

१९. गेरूवा गाउँपालिकाको योजनाबद्ध विकासका लागि आवधिक योजना तथा गेरूवा विकास गुरूयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

२०. गेरूवा बासीको गेरूवामै उच्च शिक्षा हासिल गर्ने बर्षौ देखिको चाहनालाई यथार्थ रूपमा कार्यान्वयन गर्न गेरूवा गाउँपालिकामा बहुमुखी क्याम्पस तथा प्राविधिक शिक्षालयको स्थापनाका आवश्यक कार्यहरूको शुरूवात गरिनेछ ।

२१. गेरूवा गाउँपालिकामा कोभिड-१९ संक्रमणलाई स्थिर बनाउने र क्रमश रोकथाम तथा नियन्त्रणमा सफलता हासिल गर्ने लक्ष्यका साथ क्वारेन्टाइन, परीक्षण र आइसोलेसन तथा उपचारको समुचित प्रवन्ध मिलाइनेछ ।यसै सन्दर्भमा अहिले सम्मका सफल उपचार विधिको उपयोगमा प्रोत्साहन गरिनेछ । हाम्रा नागरिकहरूको रोग प्रतिरोधी क्षमता विकासमा जोड दिइनेछ ।

२२. गेरूवा गाउँपालिकाका सडकहरूको स्तरोन्नती गरी कालोपत्रे गर्ने गाउँपालिकाको सोच र लक्ष्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । सम्पूर्ण सडक कालोपत्रे गर्ने दिर्घकालिन सोचलाई कार्यान्वयन गर्दै लगिनेछ । साथै, गाउँपालिका अस्पताल, प्रशासकीय भवन, सबै वडा कार्यालय, विधालय, स्वास्थ्य चौकी, सामुदायिक भवनहरूको निर्माण सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

२३. भौगोलिक रूपमा दुर्गम गेरूवा गाउँपालिकालाइ देशकै नमुना सूचना प्रविधिमय गाउँपालिकाको रूपमा विकास गर्दै लगिनेछ । आगामी आर्थिक वर्षमा इन्टरनेट सेवाको थप विस्तार, सफ्टवेयर प्रणालीको जडान तथा सञ्चालन गरी चुस्त, छिटो तथा छरितो सेवा प्रवाह गरी गेरूवाका नागरिहरूले प्रत्यक्ष रूपमा फाइदा लिन सक्ने गरी विधुतीय शासनको अवधारणालाइ कार्यान्वयन गर्दै लगिनेछ ।साथै, विधमान राजश्व संकलन लाई घरमै बसी कर तिर्न सकिने डिजिटल पेमेन्ट प्रणालीका रूपमा विकास गरिनेछ ।

२४. कोरोनाको लकडाउनका कारण स्वदेश तथा विदेशमा कार्यरत गेरूवाका नागरिकहरूको रोजगार गुमेको अवस्थामा न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यावसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा सहकार्य र समन्वय गरी एकिकृत रुपमा थप आन्तरिक रोजगारी सिर्जना गरी समन्वयात्मक र योजनावद्ध ढंगले तिनीहरुको कार्यान्वयन गर्न **प्रधानमन्त्री रोजगार कार्यक्रम** लाई थप व्यवस्थित गरी संचालन गरिनेछ ।

२५. गेरूवा तथा कर्णाली नदिको वीचमा रहेको गेरूवा गाउँपालिका बाढीको जोखिममा रहेको क्षेत्र भएकोले विपद व्यवस्थापन कार्यलाई समुदायसँग समन्वय गर्दै उचित व्यवस्थापन गरिनेछ ।

२६. गेरूवा गाउँपालिकामा संचालनमा रहेका सम्पूर्ण पसल, व्यवसायलाइ स्थानीय बाणिज्य संघ सँगको समन्वय र सहकार्यमा अनिवार्य दर्ता प्रक्रियालाइ कार्यान्वयन गर्दै स्थानीय व्यवसायीहरूका समस्यालाइ समाधान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२७. समग्र गेरूवा गाउँपालिकाको शैक्षिक अवस्थामा सुधार गर्न विधालयमा भौतिक निर्माणका कार्यहरू लाई निरन्तरता दिइनेछ । गाउँपालिकामा कार्यरत शिक्षकहरूको मनोबल उच्च बनाइ राख्न र क्षमता विकास गर्न आवश्यक तालिम कार्यक्रमहरूको प्रवन्ध गरिनेछ । प्रत्येक वडामा १ नमुना विधालयको स्थापना गरी सूचना प्रविधिको अधिकतम प्रयोग द्वारा ती विधालयको शैक्षिक क्रियाकलापहरू संचालनमा ल्याइनेछ ।

२८. गेरूवा गाउँपालिकामा आबद्ध रही विगत ३ बर्ष देखी कार्य गर्दै आइरहेका खेलकुद विकास समिति, महिला संजाल, दलित संजाल, अपांग संजाल, जनजाती संजालहरूका कार्यलाइ थप व्यवस्थित तथा ती संजालहरूको क्षमता विकासका लागि कार्यविधि निर्माण गरी कानूनी दायरामा ल्याई कार्यक्रमहरू संचालन गरिनेछ ।

२९. गेरूवा गाउँपालिका भित्र विभिन्न खेलकुद कार्यक्रमको आयोजना गरी स्थानीय प्रतिभाहरूको खोजी गरी राष्ट्रिय रूपमा प्रतिस्पर्धी खेलाडीहरू उत्पादन गर्न आवश्यक कार्यक्रमहरू संचालन गरिनेछन ।

३०. गेरूवा गाउँपालिकामा शान्ति तथा सुव्यवस्था कायम गर्न संघीय तथा प्रदेश सरकार सँग समन्वय गरी वडा नं. १, २, ४ मा प्रहरी कार्यालय स्थापनाको लागि पहल गरिनेछ ।

३१. गेरूवा गाउँपालिकाको नक्सा पास सम्बन्धी कार्यलाइ थप व्यवस्थित गर्न सूचना प्रविधि प्रणालीको अवलम्बन गरिनेछ । गेरूवामा रहेका सम्पुर्ण घरहरूको नक्सा अभिलेखीकरण कार्यलाइ थप व्यवस्थित गरिनेछ । नयाँ निर्माण हुने घरहरूले अनिवार्य रूपमा नक्सा पास गर्नु पर्ने व्यवस्था मिलाइनेछ ।

३२. कोभिड-१९ ले हामी सबैलाई स्वास्थ सेवाको गुणात्मक रूपमा निर्माण तथा विस्तार गर्नुपर्ने पाठ सिकाएको छ । यसै सन्दर्भमा गेरूवा गाउँपालिकाका प्रत्येक वडाहरूमा रहेका स्वास्थ्य संस्थाको स्तरोन्नती र स्वास्थ्य चौकी नभएका वडामा नयाँ स्वास्थ्य चौकी स्थापना गर्ने कार्यलाई अगाडी बढाइनेछ । वडा नं. ६ मा निर्माणाधीन गेरूवा अस्पताल लाइ द्रुत गतिमा सम्पन्न गरिनेछ।

३३. बर्षौ देखि गेरूवा गाउँपालिका र बर्दिया राष्ट्रिय निकुञ्ज बीच रहेको सीमा विवाद लाई टुंग्याउन आवश्यक कदम चालिनेछ । गेरूवाका नागरिकहरूको जमिन कटानी भएको हुँदा क्षतिपुर्तीको लागि संघीय सरकार सँग पहल गरिनेछ ।

३४. गेरूवा गाउँपालिकामा हुने विकास निर्माणका कार्यहरूमा संलग्न मजदुरहरूले न्यूनतम ज्याला पाए नपाएको अनुगमन गरिनेछ । त्यसैगरी लैंगिक विभेद गरी ज्याला दिइएको पाइएमा कानून बमोजिम दण्ड जरिवाना गराइनेछ ।

३५. गेरूवामा उत्पादित कृषि तथा पशु उपजको खरिद विक्रीको लागि स्थानीय मूल्य कृषकहरू सँगको समन्वय बमोजिम निर्धारण गरि लागु गरिनेछ । साथै यस क्षेत्रमा उत्पादित कृषि तथा पशु उपजको निर्यातका लागि कृषहरूलाइ आवश्यक सहयोग गरिनेछ ।

३६. गेरूवाका सरकारी विधालयमा अध्ययनरत गरिव, अतिविपन्न तथा जेहेन्दार छात्र / छात्राको प्राविधिक धार पढ्ने चाहना लाई पुरा गर्न छात्रवृत्तिका कार्यक्रमहरू लाइ थप व्यवस्थित गरी संचालनमा ल्याइनेछ ।

३७. गेरूवा गाउँपालिकामा हुने विकास निर्माणका कार्यमा गाउँपालिका सँग रहेका हेवी इक्युपमेन्टको प्रयोगमा जोड दिइ राजश्व संकलनको दायरा लाई फराकिलो बनाइनेछ ।

३८. प्राकृतिक प्रकोप बाट पिडित, बन्यजन्तुको आक्रमण बाट प्रभावि घर परिवार, दलित, अति विपन्न, सिमान्तकृत जातजाति तथा समुदाय लाइ बसोबास उपलब्ध गराउन संघीय सरकार, प्रदेश सरकार सँगको साझेदारीमा सामुहिक आवास योजना कार्यक्रम संचालन गरीनेछ ।

३९. गेरूवा गाउँपालिकाका बालबालिकाहरूको रोग विरूद्धको क्षमता मजबुत बनाउन पूर्ण खोप युक्त गाउँपालिका कार्यक्रम लाइ थप सशक्त बनाइ स्वास्थ्यकर्मीहरू, ग्रामिण महिला स्वास्थ्य स्वयमसेविका तथा समुदाय सँग सहकार्य गरी गेरूवा लाइ पूर्ण खोपयुक्त गाउँपालिका बनाउने लक्ष्यका साथ कार्यक्रम संचालन गरिनेछ ।

४०. कोभिड-१९ का कारण उत्पन्न असहज परिस्थिती बाट भविष्यमा खाध संकट आउन नदिन कोभिड प्रदेश सरकार संग समन्वय तथा साझेदारीमा विशेष कृषि कार्यक्रम सुरू गरिनेछ ।

विदेशबाट फर्किएका युवाहरूलाई लक्षित गरी जमिन बाँझो नरहने गरी उत्पादन बृद्धिमा जोड दिइनेछ ।

**आदरणीय उपाध्यक्ष,**

**सभाका सदस्य ज्यूहरू,**

४१. कोभिड-१९ को महामारीका कारण गाउँपालिकाको अर्थतन्त्र र विकास निर्माणमा पर्ने नकारात्मक असरलाइ कम गर्नेतर्फ गाउँपालिकाको आर्थिक नीती लक्षित हुनेछ । यस माहामारीले क्षति पु-याएको अर्थतन्त्रको पुनःउत्थान गर्नका लागी बिशेष कार्यक्रम संचालनमा ल्याइनेछ । विश्व श्रमबजारबाट विस्थापित एवम आन्तरिक रूपमा रोजगार गुमाएका ब्यक्तिहरूलाइ पुनःस्थापित गर्न उद्योग, कृषि तथा निर्माण क्षेत्रमा रोजगार अभिबृद्धि गर्न कृषक लक्षित कार्यक्रम संचालन गरिनेछ ।

४२. सार्वजनिक खर्चमा मितब्ययिता अपनाइ योजना छनौट बजेट विनियोजनलाइ यथार्थपरक बनाइनेछ । वडा कार्यालयलाइ उपलब्ध गराइने अनुदानलाइ कोभिड -१९ बाट परेको असर न्यूनिकरण गर्ने गरी परिचालन गरिनेछ ।गाउँपालिकाको बजेट बिनियोजन गर्दा कोभिड-१९ नियन्त्रण, कृषि, रोजगार बृद्दि, गरिबी निवारण आअ आर्जन र सार्वजनिक निर्माणका बिशेष जोड दिइनेछ । अनुत्पादक खर्च कटौती गरिनेछ।

४३. बैदेशिक रोजगारका अवसरको कटौतीका कारण स्वदेश फर्कने नेपालीहरूको संख्या बढन सक्ने र विप्रेषण आय घट्न सक्ने सम्भावनालाइ ध्यानमा राखी सो का कारण सिर्जना हुन सक्ने नकारात्मक असर घटाउन गाउँपालिका भित्र रोजगारमूलक तथा उत्पादन बृद्धिका नयाँ अवसरहरू सिर्जना गरिनेछ । आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न स्वदेशी श्रम, सीप र प्रबिधिको अधिकतम उपयोग गरिनेछ । साना तथा घरेलु उद्यमको प्रवर्धन गर्न लगानी परिचालन गरिनेछ । कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र रोजगारी बृद्धि गर्ने गरी स्रोतको परिचालन गरिनेछ ।

४४. **"गेरूवाको श्रम, गेरूवामै पसिना"** को नीति लाई निरन्तरता दिँदै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धिका कार्यक्रम अघि बढाइनेछ । कृषि प्राबिधिक सेवा तथा उत्पादन सामाग्रीहरूको उपलब्धता सुनिश्चित गरिनेछ । हालको अनुदान दिने प्रक्रियालाइ थप बिश्वसनिय, प्रभावकारी र पहुँचमा बृद्दि हुनेगरी पुरिष्कृत गरिनेछ ।

४५. कृषि प्रसार, अनुसन्धान र शिक्षालाइ समन्वयात्मक रूपमा जोडदै कृषि उत्पादकत्व तथा कृषकको आय आर्जनमा बृद्धि गर्ने उद्देश्यका साथ प्रदेश सरकार सँग समन्वय गरी **"स्मार्ट कृषि गाउँ कार्यक्रम"** लाइ थप व्यवस्थित गरी कार्यान्वयन गरिनेछ ।



गेरुवा गाउँपालिका

४६ .आर्थिक तथा सामाजिक रूपमा विपन्न व्यक्ति र घरपरिवारहरूको जिवनस्तरमा सुधार गरी गरिवी निवारण गर्ने उदेश्यका साथ संचालित **मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम** लाई आवश्यक परिमार्जनसहित विस्तार गरिनेछ । यस कार्यक्रमको संचालनबाट आयआर्जन, प्रविधि हस्तान्तरण र सिपविकासका माध्यमबाट रोजगारी सिर्जना भई गरीवी निवारणमा टेवा पुग्नुका साथै थप विषयक्षेत्रका कार्यक्रम समावेश गरी प्रभावकारी रूपमा संचालन गरिनेछ ।

४७. कृषि र पशुपालन क्षेत्रमा विपद्व बाट हुनसक्ने क्षतिको न्यूनिकरण, उदार तथा राहतका कार्यक्रम संचालन गरिनेछ । पशुस्वास्थ्य सेवाको ल्यावलाइ थप व्यवस्थित तथा स्तरोन्नती गरिनेछ । कृषि तथा पशुपंक्षी बीमा कार्यक्रममा कृषकको पहुँच बृद्धि गर्न सहजिकरण गरिनेछ ।

४८. सहकारी क्षेत्रको क्षमता बिकास गरी शिप जनशक्ति र पूजिलाइ उत्पादन मूलक काममा लगाउन प्रोत्साहन गरिनेछ । सहकारी क्षेत्रको प्रभावकारी उपयोग परिचालन र बित्तिय सुशासनका लागी सघन अनुगमन तथा नियमन गरिनेछ ।

४९. गुणस्तरीय वस्तुको आपुर्ति सुनिश्चित गर्न गुणस्तर परीक्षण र नियमित बजार अनुगमनमा जोड दिइनेछ । गुणस्तरिय उपभोग्य वस्तुहरूको सर्वसुलभ आपुर्ति सुनिश्चित गरिनेछ । बजार नियमन सम्बन्धि कानुन निर्माण गरी कालोबजारी,कृत्रिम अभाव, सिन्डिकेट र कार्टेलिङलाइ कडाइका साथ नियमन गरिनेछ ।

५०. गेरूवा गाउँपालिकामा संचालन हुँदै आइरहेको **छोरी बचाउ कार्यक्रम** लाई थप सुधार गर्दै निरन्तरता दिइनेछ ।

५१. विकास निर्माणका कार्य संचालन गर्दा वायो इन्जिनियरिङको अवधारणा अनुरूप प्राकृतिक श्रोतहरूको संरक्षणलाई ध्यान दिइ जलबायु अनुकुलन हुने गरी कार्यक्रमहरू संचालन गरिनेछ ।जलवायू परिवर्तन अनुकूलनका कार्यक्रम सँगै जलाधारहरूको संरक्षणका लागी विशेष कार्यक्रम संचालन गरी त्यस्ता स्थानहरूलाइ पर्या पर्यटन क्षेत्रको विकास गरिनेछ ।

५२. प्लाष्टिकजन्य पदार्थहरूको उपयोगलाइ निरूत्साहित गर्दै वातावरयणीय प्रदुषण कम हुने वस्तुहरूको उत्पादन तथा प्रयोग गर्न जनचेतना अभिवृद्धि गरिनेछ । साथै यस गाउँपालिका क्षेत्रमा उत्पादित फोहोरमैलाको व्यवस्थापनका लागी ल्याण्डिफिल्ड साइटको सम्भाब्यता अध्ययन गरिनेछ ।

५३. गेरूवा गाउँपालिकामा पूर्वाधार निर्माणका लागी आवश्यक पर्ने ढुंगा, गिटी, वालुवाको सहज उपलब्धताका लागी गेरूवा र कर्णाली नदीमा रहेका उपयूक्त खानी क्षेत्र पहिचान र उपयोग गर्ने र निकुञ्ज तथा वन क्षेत्रमा थुप्रिएको निर्माणजन्य सामग्रीको उपयोग सम्बन्धी आवश्यक ब्यवस्था मिलाइनेछ ।

५४. गेरूवा गाउँपालिका लाई पुर्ण सरसफाई युक्त गाउँपालिका बनाउने अवधारणा अनुरूप संचालित **पूर्ण सरसफाइ गाउँपालिका** कार्यक्रमलाइ निरन्तरता दिइनेछ। वातावरण अनुकूलित प्रविधिको प्रयोग गरी सार्वजनिक शौचालय तथा सहरी क्षेत्रको ढल व्यवस्थापन गर्ने निति अवलबन गरिनेछ ।गेरूवा गाउँपालिकाको वाश योजना बमोजिम सरसफाइ र खानेपानी आयोजनाका कार्यहरू निर्माण गरिनेछ ।

५५. विपद जोखिमयूक्त नदीहरूमा पूर्व सुचना प्राप्त गर्न आधुनिक पूर्व सूचना प्रणाली जडान गरिनेछ । प्रकोपबाट सिर्जित क्षतीलाई न्यूनीकरण गर्न उपयूक्त प्रविधिको प्रयोग गरिनुका साथै यस्तो कार्य गर्दा बजार मानवबस्तीको संरक्षणका लागि उच्च प्राथमिकता दिइनेछ । जल उत्पन्न प्रकोप तथा विपदको पूर्वजानकारी को लागि स्थानीय आपतकालिन सञ्चालन केन्द्रको स्थापना गरी संचालनमा ल्याइनेछ ।

५६. विद्युतको पहुच नपुगेका क्षेत्रहरूमा ग्रामिण विधुतीकरण तथा बैकल्पिक उर्जाको माध्यम बाट **उज्यालो गाउँपालिका कार्यक्रम** लाई निरन्तरता दिँदै विधुतको क्षमता लाई थप सुदृढ गर्नको लागि आवश्यक प्रविधिहरू जडान गरिनेछ ।

५७. गेरूवा गाउँपालिकामा सुरक्षित तवरले शिशुको जन्मको लागि प्रत्येक वडामा बर्थिङ सेन्टर स्थापना गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

५८. कोभिड-१९ को रोकथाम, नियन्त्रणमा खटिने स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूको मनोबल उच्च राख्न थप प्रोत्साहन गरिनेछ ।

५९. लैंगिक हिंसाको न्यूनिकरण, असहाय वर्गको संरक्षण, महिला, बालबालिका, एकल महिला, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक र अति विपन्नहरूको सामाजिक सुरक्षा संरक्षणका लागि लक्षित कार्यक्रमहरू संचालन गरिनेछ ।

६०. स्थानीय प्रहरी, समुदाय तथा शैक्षिक संस्थाहरू सँग समन्वय गरी लागूपदार्थ विरूद्ध जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

६१. द्धन्द्धबाट प्रभावित व्यक्तिहरूको जीवनलाई माथि उकास्न सीप विकास कार्यक्रम लाइ निरन्तरता दिइनेछ र द्धन्द्ध प्रभावितहरूका लागि स्वरोजगार तालिम लगायतका कार्यक्रमहरू संचालन गरिनेछ ।

६२. गाउँसभाका सदस्यहरू संग कानुन तर्जुमा सम्बन्धि कार्यक्रम संचालन गरिनेछ । विषयगत कानुन निर्माण गर्दा सरोकारवालासंग छलफल, परामर्श तथा अन्तरक्रिया गरिनेछ । प्रचलित कानुनहरूका सम्बन्धमा न्यायिक समिति र सरोकारवालाहरूसंग अन्तरक्रिया तथा सचेतनामुलक कार्यक्रमहरू संचालन गरिनेछ। गेरूवा गाउँपालिकावाट निर्मित कानूनहरुको संकलन, एकीकृत अभिलेखाङ्कन र बिश्लेशन गरी कानून निर्माणमा क्षमता र दक्षता अभिवृद्दि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । साथै, स्थानीय कानूनको सफल कार्यान्वयनमा विशेष जोड दिइनेछ ।


गेरूवा गाउँपालिका

६३. गेरूवा गाउँपालिका बाट प्रवाह हुने न्यायिक सेवालाइ थप सुदृढ गरी न्यायिक समितिको सबलीकरणमा जोड दिइनेछ । सामाजिक कुरिति, घरेलु हिंसा लगायतका समाजमा रहेका विसंगति एवम् विकृति रोकथाम र न्यूनिकरणका लागि कार्यक्रम संचालन गरिनेछ ।

६४. गेरूवा गाउँपालिकामा कार्यरत कर्मचारीको ज्ञान सीप र क्षमता अभिवृद्धीका लागि क्षमता विकासका तालिम कार्यक्रमहरू संचालनमा ल्याइनेछ ।समृद्ध गेरूवा गाउँपालिका निर्माणको दिर्घकालिन सोच हासिल गर्न स्थानीय कर्मचारीहरूलाई कामप्रति तत्पर र सेवा प्रवाह सहित समयमै कार्यसम्पादन गर्न उत्प्रिरत र प्रोत्साहन गर्ने कार्यक्रमहरू संचालन गरिनेछ ।

६५. बर्तमान अवस्थामा कोभिड-१९ को महामारी बाट उत्पन्न भएका विषम परिस्थितिमा रोग सँग लड्न सक्ने क्षमता अभिवृद्धि गर्ने आयुर्वेदिक औषधीहरूको प्रयोगमा बढावा दिंदै मानसिक रूपमा स्वस्थ रहि रहनका लागि योगका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ । साथै, मनाउमा रहेको आयर्वेद औषधालय बाट प्रवाह हुने स्वास्थ्य सेवालाई थप व्यवस्थित बनाई संस्थाको स्तरोन्नती गरिनेछ ।

६६. गेरूवा गाउँपालिका बाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनमूखी बनाउनुका साथै विकास निर्माण कार्यमा वित्तिय अनुशासन तथा जवाफदेहिता कायम गर्न मितव्ययिता कार्यकुशलता र कार्यसम्पादनलाई मानकका रूपमा लिई सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।गाउँपालिका बाट सम्पादित क्रियाकलाप र खर्च प्रक्रिया पारदर्शी बनाइ फजुल खर्च नियन्त्रण गर्ने, वित्तीय अनुशासन कायम गर्ने, उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा लगानी केन्द्रीत गरिनेछ ।

६७. नेपाल संघीय शासन प्रणाली भएको लोकतान्त्रीक देश हो जसको संरचना परीपूर्ण लोकतन्त्रमा आधारित रहेको छ । लोकतन्त्रको सबलीकरण गर्नु संघीय सरकारको मात्रै दायित्व तथा जिम्मेवारी नभई स्थानीय सरकारको पनि हो । मेरो नेतृत्वको गेरूवा गाउँपालिका लोकतान्त्रिक मूल्य र मान्यतामा विश्वास राख्दछ र गाउँपालिका द्वारा प्रदान गरिने सेवाहरू पनि लोकतान्तत्रिक आचरण तथा जनहित बमोजिम संचालन गरिनेछ ।

६८. अन्त्यमा, गेरूवा गाउँपालिकाको विकास, सम्बृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष र अप्रत्यक्ष सघाउ पुर्याउनु हुने सभाका सदस्यहरू, राजनीतिक दल, पत्रकार, निजी क्षेत्र, नागरिक समाज लाई धन्यवाद दिन चाहन्छु । यसै संचारमाध्यम, पत्रकार जगत, राष्ट्र सेवक कर्मचारी, बुद्धिजीवी लगायत सम्पूर्ण गेरूवावासी दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**